कार्यपालिका बैठक संख्या -१३१
बैठक मिति -२०८०।०३।०८
अध्यक्षता- नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १:**

इटहरी उपमहानगरपालिकाको आगामी आ.व. २०८०।०८१ को कुल बजेट २,३५,००,३१,०००।०० -(अक्षरेपी दुई अर्ब पैत्तिस करोड तेत्तिस हजार रुपैया मात्र) सिमाभित्र रहेर बजेट निर्माण गर्ने निर्णय गरियो ।

मिति २०८० साल असार ०५ गते मंगलबारका दिन यस इटहरी उपमहानगरपालिकाको स्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठकको निर्णय आर्थिक बर्ष २०८०/०८१ को बार्षिक बजेटको सिलिङ्ग तपशिल बमोजिम बाँडफाँड गर्ने निर्ण अनुमोदन गर्ने निर्णय गरियो ।

१) चालु खर्च तर्फ : रु ४६,२५,००,०००।००
२) पुँजीगत खर्च (मेशिनरी औजार,सवारी साधन, फर्निचर, अन्य) : रु ४,७५,००,०००।००
३) विषयगत शाखा तर्फ : रु २५,००,००,०००।००
४) आ.व २०७९/०८० को योजना तथा कार्यक्रमको बाँकी भुक्तानी : रु १५,००,००,०००।००
५) आ.व २०७९/०८० को क्रमागत योजनाको भुक्तानी,आ.व २०८०/०८१ को समपुरक कोष र नगर विकास कोष : रु १३,००,००,०००।००
६) वडागत सिलिङ्ग : रु ३३,००,००,०००।०० मध्ये वडा नं. १,३,७,१०,११,१३,१४,१५,१८ र १९ लाई प्रतिवडा रु १,५५,००,०००।०० र वडा नं.२,४,५,६,८,९,१२,१६,१७ र २० लाई प्रतिवडा रु १,७५,००,०००।००
७) नगर स्तरीय योजना : रु १७,४५,०६,०००।००
८) सशर्त अनुदान तर्फ : रु ८०,५५,२५,०००।००

**निर्णय नं. २:**

इटहरी उपमहानगरपालिकाको आगामी आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट मिति २०८० असार १० गते आव्हान भएको तेह्रौ नगरसभाको बैठकमा प्रस्तुत गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** इटहरी उपमहानगरपालिको अर्थ विधयेक, २०८० र विनियोजन विधयेक, २०८० तेह्रौ नगरसभाको बैठकमा प्रस्तुत गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** आ.व. २०८०।०८१ को वजेट, नीति तथा कार्यक्रमहरुको देहाय बमोजिमको विशेष योजनाहरु समावेश गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

देहाय:

१) इटहरीको धरान र विराटनगर कोशी लोकमार्गको मुख्य बजार क्षेत्रमा २ वटा आकाशे पुल निर्माण ।

२) खेतीखोला र टेंग्रा खोला अवरोध हटाई करिडोर र ग्रिन बेल्ट निर्माण गर्ने ।

३) इटहरी अस्पतालमा उपकरण खरिद तथा स्तरोन्नती गर्ने ।

४) शिक्षाको गुणस्तर विकास गरी नमुना विद्यालय निर्माण गर्नुका साथै Friday for future कार्यक्रम सञ्चालन ।

५) रात्री बजार सञ्चालन गर्ने ।

६) उज्यालो इटहरी कार्यक्रम सञ्चालन गरी स्ट्रिट लाईट जडान गर्ने ।

७) प्रत्येक वडामा खेल मैदान तथा खुल्ला व्यायामशालाको निर्माण गर्ने ।

८) इन्फ्रास्टक्चर एम्वुलेन्स खरिद गरी सञ्चालन ।

९) इटहरी उपमहानगरपालिका भित्रका सार्वजनिक तथा ऐलानी जमिन संरक्षण गरी ज्येष्ठ नागरिक तथा बालबालिकाका निम्ति हरित पार्क निर्माण ।

१०) इटहरी उपमहानगरपालिकाका सार्वजनिक क्षेत्रहरुमा फ्रि वाईफाई जडान गरी सञ्चालन ।

११) नवप्रवर्तन, अनुसन्धान तथा आईडिया ईभेन्ट कार्यक्रम ।

**निर्णय नं. ४:** इटहरी उपमहानगरपालिकाक १४ नं. वडाका वडा अध्यक्ष श्री रमेश प्रसाद चौधरी विरामी भई उपचार गराई रहनु भएकोमा शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** कोशी प्रदेश सरकारबाट सम्वत् २०८०।१।१४ गते जारी भएको "स्थानीय सेवा गठन तथा संचालन अध्यादेश, २०८०" बमोजिम यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको तह बृद्धिका लागि सोही अध्यादेशको दफा १५४ मा भएको व्यवस्था बमोजिम इटहरी उपमहानगरपालिकाको कर्मचारी तह वृद्धि गर्न सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो । साथै सो अध्यादेशको दफा ४ (५), दफा ८( १४), दफा ८ (१६) र दफा २८ बमोजिम यस नगर कार्यपापालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको तह बृद्धि गर्न दफा २८ को उपदफा ३ बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

(१) संयोजक श्री राम चरित्र मेहता (प्रमुख प्रशासकीय अधिकृत)

(२) सदस्य श्री सुर्य प्रसाद सुवेदी (अधिकृतस्तर दशौं)

(३) सदस्य श्री भोजकला दवाडी (अधिकृतस्तर नवौं)

**निर्णय नं. ६** इटहरी उपमहानगरपालिकाको आगामी आ.व.२०८०।०८१ को नीति, कार्यक्रम तथा वजेट मिति २०८०।०३।१० गतेका दिन १३औं नगरसभाको बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको तर्फबाट उप प्रमुख श्री संगिता कुमारी चौधरीले प्रस्तुत गर्नु पर्ने सो नीति, कार्यक्रम तथा बजेट नगर सभाको बैठकमा प्रस्तुत गरे बापत बजेट प्रस्तुत कर्ता नगर उप प्रमुख श्री संगिता कुमारी चौधरीलाई रु २,००,०००।- (अक्षरेपी दुई लाख रुपैया मात्र) रकम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।